# पोखरा महानगरपालिका कृषि तथा पशु बिकास महाशाखाको आ.ब २०७७७८ को फलफुल बिरुवा रोपण सम्बन्धी सूचना

मिति: २०७७१२।१६

पोखरा महानगरपालिका कृषि तथा पशु बिकास महाशाखाको आ.ब २०७७७८ को स्वीकृत कार्यक्रम अनुसार फलफुल दशक को शिलशिलामा फलफुल बिरुवा रोपण अन्तर्गत **कम्तीमा २ रोपनी क्षेत्रको** निजी जग्गा वा सार्बजनिक जग्गामा **सुन्तला जात बिरुवा ( सुन्तला, कागती, जुनार, निबुवा )** रोपण कार्यकमको लागि इच्छुक फर्म, समूह, सहकारी, संघ, संस्थालाई तपशिल अनुसार सहयोग हुने कार्यक्रमको लागि यही मिति २०७८ साल बैशाख १५ सम्मको लागि आवेदन माग गरिएको छ ।

तपशिल

| बिवरण | आवश्यकता | निजी फर्म, समूह, सहकारी को लागि सहयोग | सार्बजनिक जग्गाको लागि सहयोग | कैफियत |
|---|---|---|---|---|
| खाडल तयारी | कागतीको लागि २ फिट लम्बाइ, २ फिट चौडाइ र २ फिट गहिराइको हुनुपर्ने<br>अन्य सुन्तलाजातको लागि ३ फिट लम्बाइ, ३ फिट चौडाइ र ३ फिट गहिराइको हुनुपर्ने | प्रति खाडल रु ५० को ५० प्रतिशत अनुदान ( रु २५ ) | प्रति खाडल रु ५० | सुन्तलाको लागि ५ देखि ६ मिटर तथा कागतीको लागि ३ देखि ४ मिटरको फरकमा खाडल खन्ने, माथिल्लो १ फिटको माटो छुट्टै राख्ने, तल्लो २ फिटको माटो छुट्टै राख्ने, १५ दिन खाडल सुक्न दिने, अनि माथिको माटो तल राख्ने, राम्रो सँग कुहिएको मल प्रति खाडल ८ देखि १० के.जी, तलको माटो तथा १ भाग बालुवाको मिश्रण बनाई खाडल भर्ने र जमिनको सतह भन्दा १० देखि १५ से.मी अग्लो हुने बनाउने र खाडलको बीचमा पर्ने गरी लठ्ठी गाड्ने, बिरुवा प्राप्त भएपछि सोही खाडलमा रोप्ने |
| प्रांगारिक मल | प्रति बोट ३ के.जी प्रांगारिक मल | ५० प्रतिशत अनुदान | १०० प्रतिशत अनुदान | |
| फलफुल बिरुवा | बिजु तथा कलमी<br>(सुन्तला, कागती, जुनार, निवुवा ) | बिरुवाको मूल्यमा ५० प्रतिशत अनुदान | बिरुवाको मूल्यमा १०० प्रतिशत अनुदान | |

आवश्यक कागजात

- व्याक्तिगत फर्म वा संस्थाको लागि कृषक दर्ता गरेको हुनुपर्ने
- संस्थाको हकमा दर्ता प्रमाणपत्र, प्यान दर्ता तथा निर्णय हुनुपर्ने
- इच्छुकले अनलाइन मार्फत वा महाशाखामा समय भित्र आवेदन दिनुपर्ने
- सार्बजनिक जग्गामा रोप्नको लागि वडा कार्यलयको स्वीकृति तथा अन्यको हकमा सिफारिस पेश गर्नुपर्नेछ

**मनहर केडरिया**
**वरिष्ठ कृषि विकास अधिकृत**